प्रदेशभित्र सञ्चालन हुने सार्वजनिक यात्रुवाहक सवारी साधनको भाडादर इन्धनको मूल्यको आधारमा समायोजन गरिएको बारे आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशको

# अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०।०५।०३)

सार्वजनिक यातायातको भाडा समायोजन गर्दा आधार मानिएको इन्धनको बजार मूल्य ५% वा सोभन्दा बढीले बढेमा वा घटेमा यातायात व्यवस्था विभागले वैज्ञानिक भाडा समायोजन प्रणाली अनुसार पछिल्लो पटक भाडा समायोजन गर्दा आधार लिइएको मिति २०८०।०४।०१ को डिजेलको औषत बजार मूल्य रु. १४४.८३।- (प्रति लिटर) मा मिति २०८०।०४।३१ सम्ममा रु. २१।- बृद्धि भई बजार मूल्य प्रति लिटर रु. १६५.८३।- कायम भएको र सो मूल्य पछिल्लो समायोजनमा आधार लिइएको मूल्य भन्दा १४.५०% बढी भएको हुँदा मिति २०८०।०४।३१ देखि लागू हुने गरी यातायात व्यवस्था विभागले सार्वजनिक यात्रुवाहक सवारी साधनमा ४.७०% (बढी) ले भाडादर समायोजन गरेको हुँदा सो समायोजनलाई आधार मानी यस मन्त्रालयले मिति २०८०।०४।०४ मा समायोजन गरी लागू गरेको कोशी प्रदेश भरी चल्ने तपशिल बमोजिमका रुटहरुमा ४.७० प्रतिशतले बढी हुने गरी यात्रुवाहक बस, मिनीबस, माइक्रोबस र जीप प्रकृतिका सवारी साधनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशको मिति २०८०।०५।०३ को निर्णयानुसार मिति २०८०।०५।०३ देखि लागू हुने गरी देहायबमोजिमको भाडादर कायम भएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | रुटको नाम | दुरी (कि.मि.) | साविक भाडादर मिति (२०८०।०४।०४) | हाल कायम भाडादर (४.७०% बढी) मिति (२०८०।०५।०३) |
|---|---|---|---|---|
| १ | इलाम- सुनमाई | ६२ | २७६ | २८९ |
| २ | काकडभिट्टा- इटहरी | ९३ | २५९ | २७१ |
| ३ | काकडभिट्टा- धरान | १११ | ३१० | ३२५ |
| ४ | काकडभिट्टा- विराटनर | ११६ | ३२४ | ३३९ |
| ५ | काकडभिट्टा- विर्तामोड- भद्रपुर | ३५ | ९८ | १०३ |
| ६ | धरान-रामपुर-बेलटार | ५१ | १५३ | १६० |
| ७ | धरान- इटहरा | ६९ | १९३ | २०२ |
| ८ | धरान- इटहरी-कानेपोखरी-रंगेली | ६२ | १७३ | १८१ |
| ९ | धरान- इटहरी- डाछीखोला-विहिवारे | ५२ | १४५ | १५२ |
| १० | धरान- इटहरी-पकली- बक्लौरी | २८ | ७८ | ८२ |
| ११ | धरान- इटहरी-बाँसवारी- डाँगीस्कूल | ३९ | १०९ | ११४ |
| १२ | धरान- इटहरी-लक्ष्मीमार्ग- होक्लाबारी | ५० | १४० | १४७ |
| १३ | धरान- इनरुवा | ३८ | १०९ | ११४ |
| १४ | धरान-इन्जिनियरिङ कलेज- डाँगीस्कूल | २२ | ६२ | ६५ |
| १५ | धरान-केरौन- बयरवन | ५४ | १५१ | १५८ |
| १६ | धरान- रामपुर- गाइघाट | ७२ | २१५ | २२५ |
| १७ | धरान- गौरीगञ्ज | ८८ | २४७ | २५९ |

| | | | | |
|---|---|---|---|---|
| १८ | धरान- डाँगीहाट- बाहुनी | ४५ | १२६ | १३२ |
| १९ | धरान-दुहबी- देवानगञ्ज | ४८ | १३४ | १४० |
| २० | धरान — धनकुटा | ५४ | २४१ | २५२ |
| २१ | धरान-रामपुर-कटारी | १२३ | ३६८ | ३८५ |
| २२ | धरान- बसन्तपुर | ९३ | ४१४ | ४३३ |
| २३ | धरान- भेडेटार- नाम्जेडाँडा | २३ | १०३ | १०८ |
| २४ | धरान- मधुमल्ला | ६२ | १७३ | १८१ |
| २५ | धरान-लेटाङ | ४९ | १३७ | १४३ |
| २६ | धरान- शनिश्चरे- पथरी | ५१ | १४२ | १४९ |
| २७ | फिदिम- ताप्लेजुङ | ८५ | ३७९ | ३९७ |
| २८ | विराटनगर- इटहरा | ७५ | २०७ | २१७ |
| २९ | विराटनगर- इटहरी- कानेपोखरी- रंगेली | ६६ | १८५ | १९४ |
| ३० | विराटनगर- इटहरी- डाँछीखोला- विहिवारे | ५६ | १५७ | १६४ |
| ३१ | विराटनगर- इटहरी-पकली- बक्लौरी | ३२ | ९० | ९४ |
| ३२ | विराटनगर-इटहरी-बाँसवारी- डाँगीस्कूल | ४३ | १२० | १२६ |
| ३३ | विराटनगर- इटहरी-लक्ष्मीमार्ग- होक्लाबारी | ५४ | १५१ | १५८ |
| ३४ | विराटनगर- इनरुवा | ४३ | १२० | १२६ |
| ३५ | विराटनगर- कानेपोखरी- लेटाङ- जाँते | ६१ | १७० | १७८ |
| ३६ | विराटनगर- केरावारी | ४५ | १२६ | १३२ |
| ३७ | विराटनगर-केरौन- बयरवन | ६० | १६७ | १७५ |
| ३८ | विराटनगर-गोलढाप | ११४ | ३१८ | ३३३ |
| ३९ | विराटनगर- गौरीगञ्ज | ९४ | २६२ | २७४ |
| ४० | विराटनगर- डाँगीहाट- बाहुनी | ५१ | १४३ | १५० |
| ४१ | विराटनगर-दुहवी-इनरुवा-मधुवन | ३९ | १०९ | ११४ |
| ४२ | विराटनगर-दुहवी-देवानगञ्ज | २८ | ८० | ८४ |
| ४३ | विराटनगर-धरान | ४१ | ११५ | १२० |
| ४४ | विराटनर-भद्रपुर | ११५ | ३२७ | ३४२ |
| ४५ | विराटनगर- मधुमल्ला | ६६ | १८५ | १९४ |
| ४६ | विराटनगर-लेटाङ | ५४ | १५१ | १५८ |
| ४७ | विराटनगर- शनिश्चरे (पथरी) | ५७ | १६० | १६८ |
| ४८ | विर्तामोड- घेरावारी | ३५ | ९९ | १०४ |
| ४९ | विर्तामोड- ताप्लेजुङ | २४० | १०६८ | १११८ |
| ५० | विर्तामोड- भद्रपुर-केचना | ३९ | १०९ | ११४ |
| ५१ | विर्तामोड-सुरुङ्गा- झापाबजार | ३० | ८५ | ८९ |
| ५२ | विर्तामोड-सुरुङ्गा-मदरगाछी | २१ | ६० | ६३ |
| ५३ | विर्तामोड-इलाम | ८४ | ३७३ | ३९१ |
| ५४ | भद्रपुर-धनकुटा | १६४ | ५४८ | ५७४ |
| ५५ | भद्रपुर-धरान | ११० | ३०८ | ३२३ |

| | | | | |
|---|---|---|---|---|
| ५६ | भद्रपुर- विर्तामोड- गौरीगञ्ज | ६७ | १८८ | १९७ |
| ५७ | भद्रपुर-विर्तामोड-बाघमारी | ५५ | १५४ | १६१ |
| ५८ | भद्रपुर-लक्ष्मीपूर-राजगढ | ४० | ११२ | ११७ |
| ५९ | भद्रपुर-विर्तामोड-बाहुनडाँगी | ५० | १४० | १४७ |
| ६० | धरान-बसन्तपुर-तेह्रथुम | ११९ | ५२९ | ५५४ |
| ६१ | विराटनगर-बसन्तपुर-तेह्रथुम | १६० | ६४४ | ६७४ |
| ६२ | विराटनगर-धनकुटा | ९५ | ३५५ | ३७२ |
| ६३ | विराटनगर-बसन्तपुर | १३४ | ५२९ | ५५४ |

**नोटः** डिलक्स सुविधा लिएका जुनसुकै प्रकारका यात्रुवाहक सवारी साधन (ब्लुबुकमा यातायात व्यवस्था विभाग अन्तर्गत VFTC कार्यालयहरुबाट डिलक्सको सुविधा लिएको प्रमाण भएको) ले मात्र माथि तोकिएको भाडादरमा २० प्रतिशत थप रकम लिन सक्ने।

**१. अन्य रुटहरुको सम्बन्धमाः**

सार्वजनिक यातायात बस, मिनीबस, माइक्रोबस आदीको सम्बन्धमा देहायबमोजिम हुनेः

क. ०-३५ कि.मि. सम्मका स्थानीय सडकमा प्रति व्यक्ति प्रति कि.मि. रु २.९९२३।- कायम गरिएको छ।

ख. तराईका मध्यम दुरी ३५-२५० कि.मि. सम्मका पक्की र ग्राभेल सडकमा प्रति व्यक्ति प्रति कि.मि. रु. २.९२।- कायम गरिएको छ।

ग. तराईको लामो दुरी २५० कि.मि. भन्दा माथिको पक्की र ग्राभेल सडकमा प्रति व्यक्ति प्रति कि.मि. रु २.८४७८।- कायम गरिएको छ।

घ. चुरे क्षेत्रमा प्रति व्यक्ति प्रति कि.मि. रु. ३.१३५७।- कायम गरिएको छ।

ङ. पहाडी बाटोमा प्रति व्यक्ति प्रति कि.मि. रु. ४.६६२।- कायम गरिएको छ।

**२. मेची राजमार्गमा सञ्चालन हुने वर्ग "ज" जीप प्रकृतिको सवारी साधनको भाडादर देहायबमोजिम हुनेः**

| क्र.सं. | रुटको नाम | दुरी (कि.मि.) | साविक भाडा दर रु. | हाल कायम भएको भाडा दर रु. |
|---|---|---|---|---|
| १. | विर्तामोड- इलाम | ४७० | ४६० | ४८२ |
| २. | इलाम-फिदिम | ४०० | ३९१ | ४०९ |
| ३. | फिदिम- ताप्लेजुङ | ५१५ | ५०४ | ५२८ |

**३. कोशी राजमार्गमा सञ्चालन हुने वर्ग "ज" जीप प्रकृतिका सवारी साधनको भाडादर देहायबमोजिम हुनेः**

| क्र.सं. | रुटको नाम | दुरी (कि.मि.) | साविक भाडा दर रु. | हाल कायम भएको भाडा दर रु. |
|---|---|---|---|---|
| १. | धरान- धनकुटा | ३२४ | ३१७ | ३३२ |
| २. | धनकुटा- खाँदबारी | ४९२ | ४८२ | ५०५ |
| ३. | धरान- खाँदबारी | ८१० | ७९३ | ८३० |

**४. "ज" वर्गका जीप प्रकृतिका सवारी साधन सञ्चालन हुने अन्य रुटको सम्बन्धमा देहायबमोजिम हुनेः**

क. तराई क्षेत्रको लागि प्रति व्यक्ति प्रति कि.मि. रु. ३.९४५।- (पक्की तथा ग्राभेल सडकमा) कायम गरिएको छ।

ख. पहाडी क्षेत्रको लागि प्रति व्यक्ति प्रति कि.मि. रु. ६.१४७९।- (पक्की तथा ग्राभेल सडकमा) कायम गरिएको छ।

## भाडादर कार्यान्वयन सम्बन्धमा पालना गर्नुपर्ने प्रावधानहरु:

जनताको हीत एवम् सुविधाको लागि यातायात व्यवसायीहरुद्वारा कानूनमा व्यवस्था भए तपशिल बमोजिमका प्रावधानहरु तत्काल कार्यान्वयन गर्नु गराउनु हुनसमेत अनुरोध छ।

१. सार्वजनिक सवारी साधनसँग सम्बन्धित सबै सञ्चालक, व्यवसायी, चालक, परिचालक, सहयोगी एवम् यात्रुले सार्वजनिक यातायात आचार संहिता, २०६७ पूर्णरुपमा पालना गर्नुपर्ने छ।

२. डिलक्स/स्तरीय सेवा सञ्चालन गरी थप भाडा लिने बस/मिनिबस/ माइक्रोबस/जीपले अनिवार्य रुपमा यातायात व्यवस्था विभाग अन्तर्गत VFTC कार्यालयहरुबाट गुणस्तर निरीक्षण गराई सवारी दर्ता किताबमा प्रमाणित गराएपश्चात मात्र थप भाडा लिन पाउने व्यवस्था अनिवार्यरुपमा लागू गरिएको छ।

३. विद्यार्थी, अपाङ्ग, जनआन्दोलनका घाइते तथा जेष्ठ नागरिकहरुलाई तोकिएको दरले सहुलियत दिने व्यवस्था कायमै रहेको छ। भाडामा सहुलियत दिनुपर्ने उल्लिखित वर्गलाई सहुलियत दिँदा निश्चित रुट, कोटा, संख्या, दिन र समय नतोकी यस व्यवस्थाको पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ।

४. साथै सहुलियत पाउने वर्गले आफ्नो सक्कल परिचयपत्र देखाई सहुलियत लिन एवम् विद्यार्थी परिचयपत्र जारी गर्ने विद्यालय, विश्वविद्यालय लगायत शैक्षिक निकायले आफ्नो रेकर्ड बमोजिममात्र सक्कल विद्यार्थी परिचयपत्र जारी गर्नहुन अनुरोध गरिएको छ।

५. यात्रा सुरु गर्दा नै यात्रुहरुलाई अनिवार्यरुपमा भाडा रकम र स्थान उल्लेख गरी यात्रु टिकट जारी गर्नुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन यातायात व्यवसायीहरुले गर्नुपर्नेछ।

६. हरेक यात्रुवाहक सार्वजनिक सवारी साधनले आफ्नो रुट अनुसारको भाडादर सबै यात्रुहरुले देख्ने गरी सवारी साधन र टिकट काउन्टरमा समेत टाँस्नु पर्नेछ। सम्बन्धित व्यवसायी समितिहरुले दुरी र भाडादर स्पष्टरुपले उल्लेख गरी मुख्य मुख्य स्थानहरुमा होर्डिङ बोर्ड राखी जाकारी गराई सहयोग पुर्याउन हुन अनुरोध छ।

७. लामो दुरीको रात्री बसमा घटीमा दुई जना चालकहरु अनिवार्य राख्ने व्यवस्था गर्नुपर्नेछ।

८. दुर्घटना न्यूनीकरणतर्फ विशेष ध्यान दिनु पर्नेछ।

९. यातायात सेवा सञ्चालन गर्दा स्वच्छ तथा प्रतिस्पर्धात्मकरुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

१०. तोकिएको भन्दा बढी भाडा नलिने, लिएमा महासंघले समेत कारवाही गर्नुपर्ने।

११. सवारी साधनको कर समयमा तिर्ने।

१२. परिवर्तित भाडादरको आधिकारिक सूचना बोर्ड राखी सर्वसाधारणलाई जानकारी गराउने।

१३. भाडाको रकम र स्थान उल्लेख गरी अनिवार्यरुपमा यात्रु टिकट जारी गर्नहुन जानकारी गराइन्छ।

१४. तोकिएको भन्दा बढी भाडा लिने, यात्रु टिकट जारी नगर्ने, सार्वजनिक यातायात आचार संहिताको पालना नगर्ने, सहुलियत व्यवस्थाको पूर्ण पालना नगर्ने लगायतका प्रचलित व्यवस्थाको पालना नगरेको अनुगमन निरीक्षणका क्रममा फेला परेमा कानूनबमोजिम कडा कारवाही गरिनेछ।

१५. उल्लिखित भाडादर कार्यान्वयन गर्न तथा सोको प्रभावकारी अनुगमन गर्न सबै यातायात व्यवस्था/सेवा कार्यालयहरु, यातायात व्यवस्थापन समिति र ट्राफि प्रहरीलाई यसै सूचनाद्वारा अनुरोध छ।

१६. तोकिएको भाडादर यस मन्त्रालयको वेवसाइट www.moial.koshi.gov.np राखिनेछ।

१७. उल्लिखित व्यवस्थाहरुको बारेमा यात्रुहरु स्वयम् सचेत र सजग हुन अनुरोध गरिन्छ।

*पुनश्चः बाटोको संरचनाको विकास र रुटको कि.मि. थपघट भएअनुसार भाडादर र दुरी अध्यावधिक गर्ने उद्देश्यले यस मन्त्रालयले आवश्यकताअनुसार अध्ययन गरी भाडादर समायोजन गर्न प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ तथा प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ मा भाडा निर्धारण परामर्श समिति र प्रदेश यातायात व्यवस्थापन समिति रहेको हुँदा र सो समितिहरुबाट यथाशिघ्र रुट र भाडादरको पुनरावलोकन गरी प्रतिवेदन पेस गर्ने भएकाले यस भाडा लिष्टमा कुनै परिवर्तन देखिएमा वा कुनै रुट कायम गर्नुपर्ने भएमा वा आफ्नो कुनै सुझाव भएमा संशोधनको लागि यस मन्त्रालयमा पठाई सहयोग गरिदिन हुन हार्दिक अनुरोध छ।*